# Human Rights Treaty Monitoring Coordination Committee (HRTMCC)

**SECRETARIAT**
**INSEC**
Tel: 4278770
Fax: 4270551
Email:
hrtmcc@insec.org.np

**SUB-COMMITTEE COORDINATORS**
CVICT
CWIN
DNF
FWLD
INHURED International
RRN
WOREC

**MEMBERS**
Advocacy Forum
BBC
CARNWG
CCN
CEHURDES
CELP Nepal
Child Nepal
Child Welfare Society
CLAF
COCAP
CONCERN
CSRC
CWISH
DWO
EJG
FEDO
Forest Action
FWLD
Himright
HRWF-Nepal
Human Rights Alliance
HURPEC
IHRICON
INSEC
Jagaran Nepal
JMC
JUP-Nepal
LACC
LAHURNIP
LANCAU Nepal
LUMANTI
Maiti Nepal
NTG
NTWG
PAM
PHECT
Population Watch
PSRN
Women Awareness Centre
Women Welfare Society
WOREC
Youth Action Nepal

प्रेस वक्तव्य
साउन २४, २०६४

## आदिवासी जनताका अधिकारहरुको रक्षा गरियोस्

विश्व आदिवासी दिवस (अगष्ट ९) हाम्रो देशको सन्दर्भमा समृद्ध सांस्कृतिक विविधतामाथि गौरव गर्ने सुअवसरको दिन हो । यसका साथै, यो दिन अधिकांश आदिवासी जनता आधारभूत आवश्यकताहरुबाट समेत वञ्चित हुनु परिरहेको एकदमै अप्ठ्यारो र असुरक्षित परिस्थिति स्मरण गराउने अवसर पनि हो ।

यस अवसरमा, आदिवासी जनतामाथि हुँदै आएका असमावेशीकरण, सीमान्तीकरण र भेदभावपूर्ण नीति तथा व्यवहार विरुद्धका सवालहरुलाई मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (एचआरटीएमसीसी) को आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार (ईएससीआर) सम्बन्धी उपसमिति संयोजक, नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन), सम्बद्ध सदस्य संस्थाहरुको तर्फबाट जोडदार रुपमा उठाउन चाहन्छ । नेपाल सरकारद्वारा आदिवासी जनताका अधिकारहरुको रक्षा र प्रवर्द्धन गर्नका लागि मानवअधिकारसम्बन्धी अनेकन् अन्तर्राष्ट्रिय मापदण्ड र संविदाहरूप्रति प्रतिबद्धता जाहेर गरिएको छ । तर अझै पनि कैयन् राष्ट्रिय कानुनहरू अस्पष्ट छन् । आदिवासी जनताको आधारभूत अधिकार रक्षा हुन सकेको छैन ।

खनिज, पानी, उर्जाका सम्भावित स्रोतहरु, जंगलजस्ता नेपालका धेरैजसो प्राकृतिक स्रोतहरु आदिवासी जनताले उपभोग गरेका क्षेत्रहरु हुन् । तर ती स्रोतहरुमाथि आदिवासी जनताको पहुँच, स्वामित्व र त्यस्ता स्रोतहरुको विकासको सवाल एउटा निरन्तर विवादको विषयको रुपमा रहँदै आएको छ । हाम्रो समाज, अर्थतन्त्र र सभ्यतालाई जोगाउन र अघि बढाउन ज्यादै महत्वपूर्ण भूमिका खेल्दै आएका सदियौंदेखि आदिवासी जनतामा निहीत मूल्यवान परम्परागत ज्ञान, सीप र प्रविधिहरु बहुराष्ट्रिय निगमका नाफामूखी उत्पादन र सेवाहरुको अतिक्रमणबाट धरासायी हुन पुगेका छन् । जसले गर्दा आदिवासी जनताको जीविकोपार्जनको सवाल जोखिममा परेको छ ।

हामी समावेशी लोकतान्त्रिक नयाँ नेपालको स्थापना गर्नका लागि हुन लागेको संविधानसभाको निर्वाचनमा आदिवासी जनताका साथै पाखा पारिएका अन्य समूहहरुको समानुपातिक प्रतिनिधित्वको विषयप्रति पनि सरोकार जाहेर गर्न चाहन्छौं । यस सन्दर्भमा हामी आदिवासी/जनजाति संघ-संस्था र नेपाल सरकारका प्रतिनिधिहरुबीच हालै भएको सहमतिको सराहना गर्दछौं । सहमतिका बुँदाहरुको इमान्दारीपूर्वक पालना र कार्यान्वयनका लागि दुवै पक्षलाई हार्दिक आह्वान गर्दछौं ।

विश्व आदिवासी दिवसका अवसरमा नेपाल सरकारसमक्ष हामी निम्न मागहरु गर्दछौं-

- प्राकृतिक स्रोतहरुमाथि आदिवासी/जनजाति समुदायको पहुँच र नियन्त्रणको अधिकारलाई सुनिश्चित गरियोस् ।
- बौद्धिक सम्पदाको रुपमा रहेका आदिवासी/परम्परागत ज्ञानसहित किसानहरुको अधिकारको रक्षा गरियोस् ।
- आदिवासी/जनजाति जनतासम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको अधिसन्धि नं. १६९ लाई तुरुन्त अनुमोदन गरियोस् । जसले ती समुदायका सामाजिक र सांस्कृतिक पहिचान, उनीहरुका मान्यता र परम्परा तथा संस्थाहरुलाई प्रवर्द्धन गर्नका साथै उनीहरुका सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारहरुलाई सुनिश्चित गर्दछ ।
- संयुक्त राष्ट्रसंघमा छलफल प्रक्रियामा रहेको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको ऐच्छिक आलेख पारित गर्नेतर्फ प्रभावकारी भूमिका निर्वाह गरियोस् ।
- संयुक्त राष्ट्रसंघको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समितिले अप्रिल-मे २००७ मा सम्पन्न ३८ औं सभाद्वारा नेपालका सम्बन्धमा दिएको निष्कर्ष तथा सिफारिस प्रभावकारी ढंगले कार्यान्वयन गरियोस् । खासगरी निर्णय प्रक्रियामा आदिवासी जनताको प्रतिनिधित्व र उनीहरुका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरु विना कुनै भेदभाव, पूर्ण उपभोगको सुनिश्चितता गरियोस् ।

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)
संयोजक
मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको ईएससीआरसम्बन्धी उप-समिति

निम्न संस्थाहरुको तर्फबाट
✍अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ✍जनस्वास्थ्य सरोकार ट्रष्ट (फेक्ट) ✍लुमन्ती आवास सहयोग समूह (लुमन्ती) ✍शान्तिका लागि सामुहिक अभियान (कोक्याप) ✍फरेष्ट एक्सन ✍सामुदायिक आत्मनिर्भर केन्द्र